लागु औषध कोकिन सहित मानिस पक्राउ

# प्रेस विज्ञप्ति- ३२५

# Press Release- 325

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०७९।१२।१६ गते।

## लागु औषध कोकिन ७ के.जी. ८८७ ग्राम (अन्दाजी अवैध बजार मुल्य: रू. १७,०३,५९,२००/-) सहित २ जना भारतीय महिला पक्राउ

**हवाई मार्ग हुँदै नेपालको त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको प्रस्थान कक्षबाट भारतको नँया दिल्ली लान लागेको लागु औषध कोकिन सहित भारतीय नागरीक १ महिला र काठमाण्डौं ठमेल स्थित होटलबाट भारतीय नागरिक १ महिला सहित २ जना पक्राउ गरी निजहरू उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप गरी अनुसन्धान भईरहेको व्यहोरा अनुरोध गरिएको छ।**

## अप्रेशन: १

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागु औषध नियन्त्रण ब्यूरोको संयुक्त टोलीले मिति २०७९।१२। १४ गते अ. ११:१५ बजेको समयमा Indigo Airlines द्वारा का.जि.का.म.न.पा. वडा न.-९ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल हुँदै काठमाडौबाट भारतको नँया दिल्ली जान लागेको SERCHHIP, MIZOROM ठेगाना भएकी पासपोर्ट नं. V7238679 वाहक वर्ष ४५ की VAHLALLAWMI ले साथमा ल्याएको लगेज शंका लागि चेकजाँच गर्ने क्रममा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षको व्यागेज चेकजाँच गर्ने स्थानमा निजले साथमा ल्याएको लगेज भित्र रहेको चार (४) वटा लेडिज ब्यागमा फल्सबटम बनाई भारतको नँया दिल्ली तर्फ निकासी गर्न लागेको अवस्थामा लागु औषध कोकिन २.८८७ के.जी. सहित पक्राउ गरिएको।

## अप्रेशन: २

विशेष सूचनाको आधारमा यस ब्युरोबाट खटिएको प्रहरी टोलीले मिति २०७९।१२।१४ गते अ. १७:१५ बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. २६ ठमेल स्थित होटलबाट भारतीय नागरिक SERCHHIP, MIZOROM ठेगाना भएकी पासपोर्ट नं. U3728779 वाहक वर्ष २९ की ESTHER LALHLIMPUI को साथमा रहेको सुटकेस भित्र फल्सबटम बनाई लुकाई छिपाई राखिएको अवस्थामा लागु औषध कोकिन ५ (पाँच) के.जी. सहित पक्राउ गरिएको।

कोकीन





Vanlallawmi



Esther Lalhlimpuii



**प्रवक्ता/ सूचना अधिकारी**
**(चक्रराज जोशी)**
**प्रहरी उपरीक्षक**
☎ ९८५११३२७४३